# साझा सेवा

(सहकारी संस्था) लि.

सम्पर्क कार्यालय, पाटनढोका, ललितपुर ।

फोन नं. : ५००५५४८/५००५५४९

**शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति :२०७३।०५।२०

दोस्रो पटक प्रकाशन मिति :२०७३।०५।२२

यस संस्थाको पुल्चोकस्थित साझा आयल स्टोरका लागि Double Nozzel Digital Fuel Dispenser Pump (Petrol) थान २ तथा Single Nozzle Disital Fuel Dispenser Pump (Disel) थान - १ आवश्यक भएकोले सो को खरिदकार्य गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त उत्पादक/कम्पनी/अधिकृत बिक्रेताबाट बोलपत्र प्रक्रियाद्वारा निम्न शर्तहरुको अधिनमा रहने गरी दोस्रो पटक प्रकाशित सूचनाको मितिबाट १५ दिनभित्र रितपूर्वकको सिलबन्दी बोलपत्र निम्न उल्लेखित विवरण प्रष्ट खुलाई यस संस्थाको सम्पर्क कार्यालय पाटनढोकामा पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल

१. बोलपत्र पेश गर्दा प्राविधिक विवरणको बोलपत्र र आर्थिक विवरणको बोलपत्र गरी छुट्टाछुट्टै खाममा सिलबन्दी गरी पेश गर्नुपर्ने छ । प्राविधिक विवरणको बोलपत्र पहिले खोलिनेछ र उक्त बोलपत्र सदर भएपछि मात्र आर्थिक विवरणको बोलपत्र खोलिनेछ । अन्यथा आर्थिक बोलपत्र पेशकर्तालाई नै फिर्ता गरिनेछ ।

२. **प्राविधिक विवरणको बोलपत्रमा पेश गर्नुपर्ने कागजातहरु ।**

क. नेपाल सरकार गुणस्तर तथा नापतौल विभागबाट प्राप्त बिक्रेताको अनुमति पत्र ।

ख. नेपाल सरकारको निकायमा दर्ता प्रमाणपत्र ।

ग. मूल्य अभिवृद्धि करमा दर्ता प्रमाण पत्र ।

घ. बिक्रेताको लागि कम्पनीबाट गरिएको कबुलियतनामा ।

ङ. करचुक्ताको प्रमाणपत्र ।

३. **सामानको प्राविधिक विवरण ।**

(१) फ्लोटिङ , फिक्सड तथा स्टेवल डेसिमल प्वाइन्ट खुलाउनु पर्ने ।

(२) कन्ट्रोलरः विवरण उल्लेख हुनुपर्ने ।

(३) मोटर क्षमता लगायतका विवरण ।

(४) पम्पिङ्ग युनीट-फ्लोरेटका अतिरिक्त सो को विस्तृत विवरण ।

(५) इनपुट पावर ।

(६) मिटर - (Accuracy, calibration ) आदि ।

(७) नोजल विवरण ।

(८) एयर सेपरेसन ।

(९) सुरक्षासँग सम्बन्धित विवरण (Specification)

(१०)सो सम्बन्धी अन्य विस्तृत विवरण ।

४. आर्थिक विवरणको बोलपत्रमा पेश गर्नुपर्ने

क. बिक्रेताको लेटरप्याडमा प्रति युनिट सम्पूर्ण करसहितको मूल्यका अतिरिक्त पुल्चोकस्थित साझा आयल स्टोरमा डेलिभरी लागत तथा अन्य लाग्ने सम्पूर्ण खर्च समेत उल्लेख गरी विवरण पेश गर्ने ।

५. रितपूर्वक प्राप्त भएका बोलपत्रहरु मिति २०७३।०६।०६ गते बिहीबार दिनको २:०० बजे बोलपत्र दाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्रसाथ राख्नुपर्ने मालसामानको अंक अढाई प्रतिशत नगद वा जमानत वा बैंक ग्यारेण्टी राख्नुपर्ने ।

७. रित नपुगेका वा म्याद नाघेका बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

८. बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।

९. अन्य कुराहरु संस्थाको नियमानुसार हुनेछ ।

१०. थप जानकारी संस्थाको सम्पर्क कार्यालय पाटनढोकामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**विविध:**

१. मेकानिक्सको अवस्था खुलाउनु पर्ने ।

१.१ तालिम प्राप्त सिनियर मेकानिक्स तथा सहायक मेकानिक्सको यथार्थ विवरण- सर्टिफिकेट, मेकानिक्स संख्या, अनुभव अवधि, नाम, ठेगाना, सम्पर्क समेत उल्लेख हुनुपर्ने ।

२. स्पेयर पार्टसको उपलब्धता बारे उल्लेख हुनुपर्ने साथै सो को शो रुम हुनुपर्ने ।

३. काठमाडौं उपत्यकामा कंपनीको डिस्पेन्सीङ्ग पम्प जडान गरिएका पेट्रोल पम्पको नाम, ठेगाना र संख्या खुलाउनु पर्ने ।

साझा सेवा २०३१ (सहकारी संस्था लि.)